मितिः २०८१/१२/१७

समयः बिहान ८.०० बजे

स्थानः नागार्जुन नगरपालिका

नागार्जुन नगरपालिकाका कार्यवाहक नगर प्रमुख श्री सुशिला अधिकारीज्यूको अध्यक्षतामा यस नगरपालिका नगर कार्यपालिकाको नियमित बैठक तपसिलमा उल्लेखित पदाधिकारीहरूको उपस्थितीमा बसि देहायको निर्णय गरियो ।

<u>तपसिलः-</u>

| सि.नं. | नाम, थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री सुशिला अधिकारी | कार्यवाहक नगर प्रमुख | |
| २ | श्री महेश रिमाल | प्रवक्ता एवम् वडा अध्यक्ष वडा नं. ५ | |
| ३ | श्री रामेश्वर लामा | वडा अध्यक्ष, वडा नं १ | |
| ४ | श्री थुमराज के.सी. | वडा अध्यक्ष, वडा नं २ | |
| ५ | श्री उमेश लामा | वडा अध्यक्ष, वडा नं ३ | |
| ६ | श्री लक्ष्मीराम शर्मा पौडेल | वडा अध्यक्ष, वडा नं ४ | |
| ७ | श्री देवेन्द्रराज गिरी | वडा अध्यक्ष, वडा नं ६ | |
| ८ | श्री शैलेन्द्र लामा | वडा अध्यक्ष, वडा नं ७ | |
| ९ | श्री सुरज कुमार पोखरेल | वडा अध्यक्ष, वडा नं ८ | |
| १० | श्री रामकृष्ण भट्टराई | वडा अध्यक्ष, वडा नं ९ | |
| ११ | श्री सुन्दर बहादुर के.सी. | वडा अध्यक्ष, वडा नं १० | |
| १२ | श्री शोभा नेपाली | नगरकार्यपालिका सदस्य | |
| १३ | श्री इशु खड्का | नगरकार्यपालिका सदस्य | |
| १४ | श्री कल्पना बसेल | नगरकार्यपालिका सदस्य | |
| १५ | श्री हुम्जला राई | नगरकार्यपालिका सदस्य | |
| १६ | श्री चन्दा सुनार | नगरकार्यपालिका सदस्य | |
| १७ | श्री अम्बिका सुनचिउरी गजमेर | नगरकार्यपालिका सदस्य | |
| १८ | श्री रमेश बसेल | नगरकार्यपालिका सदस्य | |
| १९ | श्री शिव प्रसाद रिजाल | प्रमुख प्रशासकीय अधिकृत एवम् सदस्य सचिव | |

## निर्णयहरू:

**निर्णय नं. १**

गत मिति २०८१/११/११ गते बसेको नगर कार्यपालिकाको बैठकको निर्णयहरू कार्यान्वयनको सम्बन्धमा समिक्षा गरियो ।

**निर्णय नं. २**

नागार्जुन नगरपालिकामा चालु आर्थिक वर्ष भित्रमा तपसिल बमोजिमका कार्यविधिहरू तर्जुमा तथा पारित गर्ने निर्णय गरियो ।

तपसिल:

| सि.नं. | कानूनको नाम | कैफियत |
|---|---|---|
| १. | नागार्जुन नगरपालिकाको फोहरमैला व्यवस्थापन कार्यविधि, २०८१ | तर्जुमा गर्ने |
| २. | नागार्जुन नगरपालिकाको महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका व्यवस्थापन कार्यविधि, २०८१ | |
| ३. | नागार्जुन नगरपालिकाको आन्तरिक आय संकलन (ठेक्का बन्दोबस्त) सम्बन्धी कार्यविधि, २०८१ | |
| ४. | नागार्जुन नगरपालिकाको नगर प्रहरी सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८१ | |

**निर्णय नं. ३**

यस नगरपालिका अन्तर्गत तपसिलमा उल्लेखित संघसंस्थाहरूबाट निम्न कार्यक्रम सञ्चालन गर्नको लागि बजेट माग गरी यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उल्लेखित कार्यहरू गर्नको लागि निम्न शिर्षकमा विनियोजित बजेटबाट खर्च हुने गरी कार्यक्रमहरू सञ्चालन तथा सामाग्रीहरू खरिद गरी उपलब्ध गराउने निर्णय गरियो ।

तपसिल:

| कार्यक्रम तर्फ | | | | | |
|---|---|---|---|---|---|
| सि.नं. | संस्थाको नाम | कार्यक्रम | रकम रू. | खर्च तथा बजेट शिर्षक | कैफियत |
| १ | | | | | |
| २ | | | | | |

सामाग्रीहरू माग तर्फ

| सि.नं. | निवेदकको नाम | कार्यक्रम/माग | बजेट शिर्षक | कैफियत |
|---|---|---|---|---|
| १ | नाटयेश्वर संगीत पाठशाला | बाध्यबाधनका सामाग्रीहरू माग | ढल, पाईप, बाजागाजा, टयांकी खरिद/साउण्ड सिस्टम तथा हार्मोनियम, मादल, बाजा आदी लगायतका सांस्कृतिकजन्य सामाग्री खरिद कार्यक्रम | स्वीकृत माग फाराम अनुसार |
| २ | कार्की समाज उपभोक्ता समिति | बाध्यबाधनका सामाग्रीहरू माग | | स्वीकृत माग फाराम अनुसार |
| ३ | हल्चोक धिमेबाजा गुठी समाज | बाध्यबाधनका सामाग्रीहरू माग | | स्वीकृत माग फाराम अनुसार |
| ४ | १ नं. वडा कार्यालय | धिमे बाजा र ट्राफिक ऐना | | स्वीकृत माग फाराम अनुसार |
| ५ | विष्णुदेवि मन्दिर उ.स. | धिमे बाजा र भुस्या | | स्वीकृत माग फाराम अनुसार |
| ६ | शिखर कोलोनी, वडा नं. ५ | ५० थान प्लास्टिकको कुर्सी | | स्वीकृत माग फाराम अनुसार |

| सि.नं. | निवेदकको नाम | कार्यक्रम/माग | बजेट शिर्षक | कैफियत |
|---|---|---|---|---|
| ७ | परोपकार दान विभाग शाखा इचंगु | कम्प्युटर सेट १ थान, प्रिन्टर १ थान | विविध कार्यक्रम खर्चबाट | स्वीकृत माग फाराम अनुसार |
| ८ | पुरूषोत्तम थापा क्षेत्री | २४ इन्चको DWC पाईप (करिव १०० मिटर) | ढल, पाईप, बाजागाजा, ट्यांकी खरिद | स्वीकृत माग फाराम अनुसार |

निर्णय नं. ४

यस नगरपालिका बसोबास गर्ने तपसिलमा उल्लेखित व्यक्तिहरूको आर्थिक अवस्था अत्यन्त कमजोर रहेको हुँदा स्वास्थ्य उपचार गर्न आर्थिक सहायता पाउँ भनि निवेदन दिएको हुँदा निवदेकको माग अनुसार १ पटकको लागि निम्न बमोजिमको आर्थिक सहयोग नागार्जुन नगरपालिकाको खर्च शिर्षक नं. २७२१९ को आर्थिक सहायता शिर्षकबाट खर्च हुने गरी निवेदकहरूलाई भुक्तानी दिने निर्णय गरियो ।

तपसिलः

| सि.नं. | नाम, थर | ठेगाना | रकम रू. | रोगको विवरण |
|---|---|---|---|---|
| १. | बाबुकृष्ण नेपाली | ना.न.पा. १० | २५,००० | क्यान्सर रोग |
| २. | स्वस्थानी बुढाथोकी | ना.न.पा. ८ | २०,००० | घाँटीको अप्रेशन |
| ३. | ठुलो कान्छी तामाङ्ग | ना.न.पा. ८ | २०,००० | खुट्टा बिरामी |

निर्णय नं. ५

विपद्को समयमा स्थानीय स्वयं सेविक परिचालन गरी राहत उद्धार र प्राथमिक उपचारलाई प्रभावकारी बनाउन प्राथमिक उपचार (First Aid) र खोज र उद्धार (Search & Rescue) तालिम स्थानीय स्वयं सेवकलाई प्रदान गर्न नेपाल रेडक्रस सोसाइटीसँग समन्वय गर्ने र सोको लागि आवश्यक रकम प्रकोप व्यवस्थापन कोषबाट खर्च गर्ने निर्णय गरियो ।

निर्णय नं. ६

नागार्जुन नगरपालिकाको नवौं नगर सभाबाट स्वीकृत भएका संलग्न म.ले.प.फाराम नं. ३०४ बमोजिमका (सूची बेग्लै रहेको) योजना तथा कार्यक्रमहरू संलग्न म.ले.प.फाराम नं. ३०४ को सूचीमा रहेका योजना तथा कार्यक्रममा संशोधन/रकमान्तर/स्रोतान्तर/शीर्षकान्तर गर्नको लागि पेश भए बमोजिम संशोधन/रकमान्तर/स्रोतान्तर/शीर्षकान्तर गर्ने निर्णय गरियो ।

निर्णय नं. ७

गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम अन्तर्गत यस नगरपालिका वडा नं. ८ मा स्थालिन सिलाई कटाई तालिमका लागि खरिद गरिएको तपसिलमा उल्लेखित सामाग्रीहरू सम्बन्धित वडाका आर्थिक अवस्था कमजोर भएका महिला शक्ति लघु उद्यमीको समूहबाट तालिम प्राप्त गरेका महिलाहरूलाई शुन्य लागत साझेदारीमा हस्तान्तरण गर्ने निर्णय गरियो ।

निर्णय नं. ८

नागार्जुन नगरपालिका वडा नं. ८ मा एड्भान्स सिलाई कटाई तालिमबाट उत्पादित कपडाहरू बिक्रीका लागि मिति २०८१/११/२१, २२ र २३ गते भएको प्रदर्शनीबाट बिक्री नभई बाँकी रहेका कपडाहरू सम्बन्धित उद्यमीहरूलाई हस्तान्तरण गर्ने निर्णय गरियो ।

निर्णय नं. ९

यस नगरपालिका अन्तर्गत वडा नं. ३ को गैरीगाउँ, मिलनचोक, बुद्ध चोक, तीनधारा, पाँचधारा, एक धारा, ठुलो भर्याङ्ग लगायतका स्थानका मुख्य तथा शाखा सडकहरू स्तरोन्नतीको लागि डि.पि.आर गर्नको लागि यस नगरपालिकाको पुँजीगत अनुसन्धान तथा परामर्श (३११७२) मा विनियोजित बजेटबाट खर्च गर्ने निर्णय गरियो ।

निर्णय नं. १०

नागार्जुन नगरपालिका अन्तर्गत तपसिलमा उल्लेखित वडाहरूमा तपसिलमा उल्लेखित योजनाहरू ५०/५० प्रतिशतमा लागत साझेदारीमा योजना सञ्चालन गर्नको लागि उपभोक्ताहरूको निवेदन पेश भएकोमा नगरपालिकाको नीति अनुसार ५० प्रतिशत सहभागिता उपभोक्ताबाट व्यहोर्ने गरी योजना सञ्चालन गर्न माग भएमा सोलाई प्राथमिकता दिने नीति रहेकोले निम्न योजनाहरूलाई लागत साझेदारीमा सञ्चालन गर्न नागार्जुन नगरपालिकाको वार्षिक नगर सभा पुस्तिकाको पेज नं. ९८ सि.नं. ३५८ को जनसहभागिता शिर्षकमा विनियोजित बजेटबाट देहाय बमोजिम हुने गरी उल्लेखित योजना सम्झौता गरी कार्य अगाडि बढाउने निर्णय गरियो ।

तपसिलः

| सि.नं. | योजनाको नाम | वडा नं. | ल.ई. | नगरपालिकाले व्यहोर्ने | उपभोक्ताले व्यहोर्ने |
|---|---|---|---|---|---|
| १ | प्रगति मार्ग स्तरोन्नती | ६ | ७,३०,७२०.३३ | ३,६५,३६०.१७ | ३,६५,३६०.१७ |
| २ | तिनधारा भित्री बाटो स्तरोन्नती | १ | ४,०८,५३९ | २,०४,२६९.५० | २,०४,२६९.५० |
| ३ | हसन्टार प्रगतिशिल बाटो निर्माण | ७ | ६,००,००० | ३,००,००० | ३,००,००० |
| ४ | नारायण पोखेल प्रतिष्ठान देखि ढुङ्गेन देवी मोटर बाटो निर्माण | ७ | ४,००,००० | २,००,००० | २,००,००० |
| ५ | महादेव पौडेलको घर मुनि पहिरो नियन्त्रण | ६ | ९,९९,३१८.८८ | ४,९९,६५९.४४ | ४,९९,६५९.४४ |
| ६ | भैरव मन्दिरबाट १०० मिटर पूर्व तर्फ रहेको बाटो स्तरोउन्नती | ६ | ३,७५,४६०.८५ | १,८७,७३०.४३ | १,८७,७३०.४३ |
| ७ | चारू रूपेश्वर महादेव मन्दिर नजिकैको पहिरो नियन्त्रण | ६ | ९,९९,३१८.८८ | ४,९९,६५९.४४ | ४,९९,६५९.४४ |

निर्णय नं. ११

जीवन विज्ञान प्रतिष्ठानको निवेदन अनुसार निवेदक संस्थाद्वारा मिति २०८१/११/११ देखि १७ गतेसम्म सञ्चालित चक्र विज्ञान कार्यक्रममा यस नगरपालिकाबाट ३ जनालाई सहभागि हुन पठाईएकोमा निजहरू उक्त कार्यक्रमको सहभागि शुल्क वापतको रकम रू.१०,०००/- (दश हजार) मात्रका दरले जम्मा रू.३०,०००/- (तिस हजार) मात्र सहभागि शुल्कवापतको रकम यस नगरपालिकाको २२५२२ को विविध कार्यक्रम खर्च शिर्षकमा विनियोजित बजेटबाट भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. १२**

उद्यम विकास समितिको मिति २०८१/१२/१४ गतेको प्राप्त सिफारीस अनुसार व्यवसाय स्थापना गरी हस्तान्तरित प्रविधिको उचित सदुपयोग गर्नु पर्ने शर्तनामा गरी ना.न.पा. वडा नं. १ को मेलमिलाप लघु उद्यमी समुहलाई आ.व. २०८०/०८१ मा हस्तान्तरण गरिएको तपसिल बमोजिमका वेकरी सम्बन्धी प्रविधि उद्यमीको प्रविधिक कारणबस **फाईभ मदर्श** नामको व्यवसाय बन्द भएको कारणले १ नम्बर वडा कार्यालयको मिति २०८१/१२/१० को सिफारीस अनुसार सोही प्रविधि यस कार्यालयमा फिर्ता भएको जानकारी प्राप्त भएको हुँदा यस आ.व. २०८१/०८२ मा संघीय सरकारको शर्सत अनुदानको स्वीकृत बजेटबाट सम्पन्न भएको गरिवी निवारणको लागि लघु उद्यम विकास कार्यक्रम अन्तर्गत नयाँ उद्यमी सृजना तर्फका नागार्जुन नगरपालिका वडा नं. ५ को वेकरी सम्बन्धी वेसिक तालिम प्राप्त संकटा होम लघु उद्यमी समुहलाई उक्त प्रविधि हस्तान्तरण गर्ने निर्णय गरियो । तपसिलः

| | |
|---|---|
| १. मिक्सर | १ थान (शुन्य लागत साझेदारीमा हस्तान्तरित) |
| २. केक स्ट्यान्ड | १ थान (शुन्य लागत साझेदारीमा हस्तान्तरित) |
| ३. ओभन | १ थान (शुन्य लागत साझेदारीमा हस्तान्तरित) |
| ४. स्वकेश फ्रिज | १ थान (२० प्रतिशत लागत साझेदारीमा हस्तान्तरित) |

**निर्णय नं. १३**

APSA NEPAL को निवेदन अनुसार आगलागी सम्बन्धी जोखिम न्यूनीकरण, सुरक्षा प्रविधिको प्रवर्द्धन तथा स्थानीयस्तरमा जनचेतना अभिवृद्धिका लागि मिति २०८१ साल चैत्र २४ र २५ मा आयोजना हुने Fire Safety & Electronic Security International Conference and Exhibition (FSESICE) 2025 मा यस नगरपालिकाको तर्फतबाट ३ जना सहभागी पठाउने र उक्त कार्यक्रमको सहभागीता शुल्क यस नगरपालिकाको प्रकोप व्यवस्थापन कोष शिर्षकमा विनियोजित बजेटमध्येबाट भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. १४**

नागार्जुन नगरपालिका वडा नं. ७ बस्ने सरस्वती गौतमको छोरा विवेक गौतम हाल Chartered Accountancy (CA) मा अध्ययन गरि रहेको र निजको परिवारमा आमा र निज मात्र रहेकोमा निजको पारिवारिक अवस्था अत्यन्तै कमजोर भएकोले अध्ययन खर्च जुटाउन निकै गाह्रो भएको हुँदा अध्ययनको लागि आर्थिक सहयोग गरी पाउँ भनि सम्बन्धित वडा कार्यालयको प.सं. २०८१/०८२, च.नं. १५८०, मिति २०८१/११/२३ गतेको पत्रबाट माग भई आएकोले निजलाई अध्ययन खर्च स्वरूप रू.९५,०२६/-(पन्चानब्बे हजार छब्बिस रूपैंया) मात्र नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको नाममा नागार्जुन नगरपालिकाको खर्च शिर्षक नं. २७२११ को छात्रवृत्ति शिर्षकबाट खर्च हुने गरी भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. १५**

संवैधानिक एवम् कानूनी प्रावधान अनुसार विद्यालय शिक्षामा समतामूलक पहुँच सहितको गुणस्तरीय शिक्षा प्रदान गर्नको लागि नगर शिक्षा समितिको मिति २०८१/०८/०५ गतेको निर्णयानुसार आर्थिक वर्ष २०८२/०८३ देखी २०८६/०८७ सम्मको नगरपालिकाको ५ वर्षे आवधिक नगर शिक्षा योजनाको मस्यौदा तयार गरी पेश गर्नका लागि गठित योजना तर्जुमा समितिको मिति २०८१/११/१८ गतेको निर्णयानुसार तयार भएको नगर शिक्षा योजनाको पाण्डुलिपीलाई स्वीकृत गरी कार्यान्वयनका लागि सम्बन्धित निकायमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. १६**

यस नगरपालिकालाई मिति २०८२ माघ १ सम्म बालमैत्री नगर घोषणा गर्ने प्रतिवद्धतालाई समयमा नै पुरा गर्न अनुगमन कार्यलाई तिव्रता दिन देहायको बालमैत्री स्थानीय शासन नगरपालिकास्तरीय अनुगमन कार्यदल गठन गर्ने निर्णय गरियो । तपसिलः

संयोजकः उपप्रमुख, नागार्जुन नगरपालिका

सदस्यहरूः

क) प्रमुख प्रशासकीय अधिकृत

ख) सामाजिक विकास समिति संयोजक

ग) सम्बन्धित वडाका वडा अध्यक्ष

घ) वडामा रहनु भएका कार्यपालिका सदस्य

ङ) शिक्षा शाखा प्रमुख

च) स्वास्थ्य शाखा प्रमुख

छ) प्राविधिक/पूर्वाधार शाखा प्रमुख

ज) सामाजिक विकास शाखा प्रमुख

झ) महिला तथा बालबालिका शाखा प्रमुख/ बालकल्याण अधिकारी

ञ) विद्यालय व्यवस्थापन समिति मध्येबाट प्रमुखले मनोनित गरेको १ जना

ट) शिक्षक वा प्र.अ.हरू मध्येबाट प्रमुखले मनोनित गरेको २ जना (सामुदायिक/संस्थागत)

ठ) नेपाल प्रहरीका स्थानीय एकाई प्रतिनिधि, अधिकृतस्तर १ जना

ड) उद्योगी व्यवसायीहरू मध्येबाट प्रमुखले मनोनित गरेको १ जना

ढ) सम्बन्धित वडा कार्यालयका वडा सचिव

ण) सम्बन्धित वडाका बालमैत्री सम्पर्क व्यक्ति

त) नगर बाल सञ्जालका अध्यक्ष

**निर्णय नं. १७**

नागार्जुन नगरपालिकामा तपसिलमा उल्लेखित खानेपानी तथा सरसफाई उपभोक्ता समितिको निवेदन अनुसार संस्था सञ्चालन गर्न लागि संस्था दर्ताको निवेदन पेश भएकोमा **नागार्जुन नगरपालिकाको खानेपानी तथा सरसफाई र स्वच्छता सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०८१** को सिफारीस समितिको मिति २०८१/१२/०३ र २०८१/१२/१० को निर्णयबाट उपयुक्त देखि संस्था दर्ताको लागि नगर कार्यपालिकामा पेश भएका तपसिलमा उल्लेखित उपभोक्ता समितिलाई संस्था दर्ता गरी दर्ता प्रमाण पत्र प्रदान गर्ने निर्णय गरियो । तपसिलः

१. श्री हसन्टार बृहत खानेपानी तथा सरसफाई उपभोक्ता समिति, ना.न.पा. ७ ।

२. श्री गाम्चा खानेपानी तथा सरसफाई उपभोक्ता समिति, ना.न.पा. ७ ।

३. श्री नागार्जुन पञ्चकन्या खानेपानी तथा सरसफाई उपभोक्ता समिति, ना.न.पा. ९ ।

**निर्णय नं. १८**

राष्ट्रिय युवा समाजको निवेदन अनुसार यस नगरपालिका क्षेत्रभित्र छाडा चौपायाहरूको उद्धार गर्नको लागि निम्न बमोजिमको दररेट पेश गरेकोले उक्त दररेटलाई स्वीकृत गरी छाडा चौपायाहरूको उद्धारको लागि सम्झौता गरी कार्य सञ्चालन गर्ने निर्णय गरियो । तपसिलः

| | |
|---|---|
| ठुलो गाई/गोरू | ८,०००/- |
| बाछा, बाछी | ६,०००/- |
| घाइते कुकुर | ७,०००/- |
| मान्छे टोक्ने कुकुर | १०,०००/- |

निर्णय नं. १९

यस नगरपालिका वडा नं. २ बस्ने कर्मा लामाको छोरा रिजन रूम्वा लामा 4-14 April 2025 सम्म Zlatibor, Serbia मा हुन गई रहेको ISF U15 Gymnasiade 2025 मा सहभागी हुन छनौट भएकोले उक्त स्थानमा जानको लागि निजलाई रकम रू.२५,०००/- (पच्चिस हजार) मात्र यस नगरपालिकाको खर्च शिर्षक नं. २२५२२ को खेलकुद सामग्री वितरण, खेल प्रायोजन तथा विभिन्न खेलकुद प्रतियोगिता सञ्चालन शिर्षकबाट खर्च हुने गरी भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं. २०

यस नगरपालिको राजश्व परामर्श समितिको मिति २०८१/१२/१४ गतेको निर्णयानुसार स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले प्रदान गरेको राजश्व अधिकारको अधिक्तम परिचालन गरी आन्तरिक आयमा वृद्धि ल्याउन राजश्व सुधार कार्य योजना निर्माण गर्न सिफारीस भई आएकोले उक्त कार्य परामर्श सेवाबाट सम्पादन गर्ने निर्णय गरियो ।

निर्णय नं. २१

नागार्जुन नगरपालिकामा तपसिलमा उल्लेखित कम्पनीहरूले घ वर्गको इजाजत दर्ताको लागि निवेदन दिएकोमा अनुगमन समितिको मिति २०८१/१२/१५ को निर्णयबाट उपयुक्त देखि अनुमति पत्रका लागि नगर कार्यपालिकामा पेश भएका निम्न कम्पनीहरूलाई 'घ' वर्गको इजाजत पत्र प्रदान गर्ने निर्णय गरियो ।

तपसिल:

१. श्री राज कन्स्ट्रक्शन एण्ड हार्डवेयर प्रा.लि., नागार्जुन न.पा. ६, काठमाडौं ।

निर्णय नं. २२

यस नगरपालिका अन्तर्गत २ नं. वडा कार्यालयमा विगत वर्षमा राखिएको सडक बत्तीहरू बिग्रीएर मर्मत गर्नु पर्ने भनी ज्यादै जनगुनासो आएकोले उक्त बत्तीहरू मर्मत कार्य गर्नको लागि रकम रू. ९९,०८१.०१/- (उनान्सय हजार एकासी रूपैया एक पैसा) मात्रबाट कार्य गर्नको लागि सम्बन्धित वडा कार्यालयका वडा सचिवको नाममा कायदिश दिने निर्णय गरियो ।

निर्णय नं. २३

मिति २०८१/०९/२६ गतेको विशेष नगरसभाको बढाउने तर्फको निर्णयानुसार सि.नं २२ को बाह्र वर्षे आकाश भैरव मेला खर्च शिर्षकमा विनियोजित रकम रु. १,५०,०००/- (अक्षरेपी एक लाख पचास हजार), सि.नं ५१ को बाह्र वर्षे आकाश भैरव मेला खर्च शिर्षकमा विनियोजित रकम रु. ७,५०,०००/- (अक्षरेपी सात लाख पचास हजार), सि.नं ६६ को वडा नं ३ को सिलिङ बजेट अन्तर्गत रहेको हल्चोक १२ वर्षे जात्रा व्यवस्थापन शिर्षकमा विनियोजित रकम रु. ३,५०,०००/- (तीन लाख पचास हजार) र सामाजिक विकास शाखा अन्तर्गत सि.नं ८४६, पाना नं १२२ मा रहेको बाह्रवर्षे मेला कार्यक्रमको खर्च शिर्षकमा विनियोजित रकम रु ८०,०००/- (अक्षरेपी असी हजार) गरी कूल जम्मा रकम रु. १३,३०,०००/- (अक्षरेपी तेह्र लाख तीस हजार) मा नबढ्ने गरी कार्य गर्न श्री हल्चोक आकाश भैरव समाजद्वारा पेश भएको प्रस्ताव बमोजिम सम्झौता गरि कार्यक्रम अगाडी बढाउने निर्णय गरियो ।

निर्णय नं. २४

संस्था दर्ता सम्बन्धमा नागार्जुन नगरपालिकाको नगर कार्यपालिकाबाट मिति २०८१/०९/२५ गते स्वीकृत भएको नागार्जुन नगरपालिका संस्था व्यवस्थापन कार्यविधि २०८१ को परिच्छेद-२ को दफा ३ र दफा ४ बमोजिम तोकिएको परिधि भित्र रहि प्रमुख प्रशासकीय अधिकृतद्वारा संघ/संस्था, टोल विकास संस्था, उपभोक्ता समिति, महिला समूह तथा क्लबहरु (गैर नाफामूलक संस्था) दर्ता/नविकरण सम्बन्धित वडा कार्यालयबाटै नै गर्ने गरि अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

निर्णय नं. २५

यस नगरपालिका अन्तर्गत वडा नं. ९ का मुल तथा शाखा सडकहरूमा रहेका मंगाल तथा ढल पाईपहरू जाम हुने तथा दुर्गन्धि बढ्दै गएकाले उक्त सडक खण्डहरूका मंगाल मर्मत गर्नको लागि सम्बन्धित वडा कार्यालयको प.सं. २०८१/०८२, च.नं. ५९९, मिति २०८१/११/२१ गतेको पत्र साथ प्राप्त लागत अनुमान बमोजिमको रकम रू.८९,५४९.१८/- (उनान्नब्बे हजार पाँच सय उनान्चास रूपैंया अठार पैसा) मात्रबाट कार्य गराउन यस नगरपालिकाको प्रकोप व्यवसथापन कोषबाट खर्च हुने गरी सम्बन्धित वडा कार्यालयका वडा सचिवको नाममा कार्यदेश दिने निर्णय गरियो ।

निर्णय नं. २६

नागार्जुन नगरपालिकाबाट ठेक्का आह्वानबाट संचालन भईरहेका आयोजनाहरुको विभिन्न कारण समयमा सम्पन्न हुन नसकेका तपशिल बमोजिमका योजानाहरुको म्याद थप गर्ने निर्णय गरीयो।

तपसिलः

| क्र.सं. | योजनाहरुको विवरण | निर्माण व्यवसायीको नाम | म्याद थपको विवरण | कैफियत |
|---|---|---|---|---|
| १ | Nagarjun/NCB/W/31/2080-81 Ward no 6 Jhilli Khola Culvert Nirman, Umagaun,Simdhara, Hakyachautara and Ramkot Barko Bot Road Upgrading Works | Shankha-Banshagopal-Laliguras JV Kathmandu-31 | २०८२ जेठ मसान्तसम्म | |
| २ | Nagarjun/NCB/W/44/2080-81 Ward No-4 Ko Bivinna Sadak Staronnati karya | Ultimate builders Pvt. Ltd Temal-06, Kavre | २०८२ असार १५ सम्म | |
| ३ | Nagarjun/NCB/W/46/2080-81 Chakra Binayak Khanepaani Ayojana | New Kalika Devi Construction Roshi-07 | २०८२ असार १५ सम्म | |
| ४ | Nagarjun/NCB/W/50/2080-81 Ward No.6 Bhivinna Sadak Staronnati Karya | Samir Brothers Builders & Trade Concern | २०८२ जेठ मसान्तसम्म | |
| ५ | Nagarjun/NCB/W/49/2080-81 Ward No.1 ko Bhivinna Samudayik Bhawan, Mandir Staronnati tatha Muhan Samrakshyan Karya | Tripura Sundarii Construction Changunarayan-02, Bhaktapur | २०८२ जेठ मसान्तसम्म | |

निर्णय नं. २७

मिति २०८१/११/०२ मा यस नगरपालिकाको वडा नं.७ स्यूचाटार स्थित कान्छि श्रेष्ठको नामको जग्गामा भएको टहरामा आगलागी भई पूर्ण रुपमा क्षति भएकोले निजको परिवारलाई राहत स्वोरूप प्रकोप व्यवस्थापन कोषबाट रू.२५,०००/- (रू. पच्चिस हजार मात्र) तथा तत्काल अस्थायी आवास निर्माण गर्न नेपाल सरकारले उपलब्ध गराईने अनुदानको लागि जिल्ला प्रशासन कार्यालयमा सिफारिस गर्ने निर्णय गरियो।

निर्णय नं. २८

यस नगरपालिकामा विपद् जोखिम न्यूनीकरण, पूर्वतयारी, विपद् प्रतिकार्य, पुनर्निर्माण र पुनर्स्थापनाका लागि स्वयंसेवकहरुलाई प्रभावकारी रुपमा परिचालन तथा व्यवस्थापन गर्न आवश्यक भएकोले स्वयंसेवक आह्वान गर्न प्रक्रिया अगाडी बढाउने निर्णय गरियो।

निर्णय नं. २९

यस नगरपालिका अन्तर्गत खानेपानी, सरसफाइ र स्वच्छताका आयामहरुलाई समावेश गरी यस क्षेत्रमा हालको अवस्था र दिगो विकास लक्ष्यले लिएको उद्धेश्य पूरा गर्नका लागि वास प्लान तयार गर्नु पर्ने भएकोले सोको लागि श्री स्वास्थ्य पोषण शिक्षा तथा कृषि अनुसन्धान विकास नेपाल (हर्ड नेपाल) सँग सहकार्य गरि ६ जना गणकहरुलाई दैनिक यातायात तथा खाजा खर्च बराबरको रु.५०० दिई खानेपानी तथा ढल व्यवस्थापन विभागको नम्स अनुरुप डाटा संकलन गर्ने कार्यको लागि परिचालन गर्ने निर्णय गरियो ।

निर्णय नं. ३०

यस नगरपालिका अन्तर्गत वडा नं. ७ स्थित नारायण पोखरेल प्रतिष्ठानबाट मिति २०८२/०१/१९ गतेदेखि २७ गतेसम्म बद्रिनारायण मन्दिरको श्रीविग्रह मूर्तिको प्राणप्रतिष्ठा एवम् अनुष्ठान कार्य गर्न लागेको हुँदा वडा नं. ७, ८ र ९ का वडा अध्यक्ष तथा सामाजिक विकास शाखा प्रमुख श्री कल्पना अधिकारी र जिन्सी शाखाका अधिकृत छैठौं श्री प्रदिप लामिछाने रहने गरी एक समन्वय समिति गठन गरी रू.६,००,०००/- (छ लाख) बराबरका आवश्यक सामाग्रीहरू विविध कार्यक्रम खर्च शिर्षकमा विनियोजित बजेटबाट खर्च गर्ने निर्णय गरियो ।

निर्णय नं. ३१

पशुपंछी प्रति निर्दयता रोकावट समाज नेपाललाई यस नगरपालिका भित्र रहेका सामुदायिक कुकुरहरूलाई बन्ध्याकरण गर्नको लागि प्रति कुकुर रू.२,८००/- को दरले जम्मा ३० वटा कुकुरको बन्ध्याकरण गर्न कायदिश दिने निर्णय गरियो ।

निर्णय नं. ३२

यस नगरपालिका अन्तर्गत नागार्जुन नगर अस्पतालमा स्वास्थ्य सेवा हेल्थ इनिस्पेक्सन समुह अधिकृत छैठौं पदमा कार्यरत जनस्वास्थ्य अधिकृत श्री दिपेन्द्र खडायतले नेपाल सरकार चिकित्सा शिक्षा आयोग (परिक्षा निर्देशनालय) सानोठिमी, भक्तपुरद्वारा चिकित्सा शिक्षा स्नातकोत्तर तह (MECEF-PG 2025) को शैक्षिक कार्यक्रम अन्तर्गत Master of Public Health (MPH) भर्नाका लागि सञ्चालन भएको परिक्षामा उतिर्ण भई पहिलो चरणको भर्ना सम्बन्धी सूचना बमोजिम सरकारी छात्रवृत्ति कोटामा छनौट भई Master of Public Health (MPH) शैक्षिक कार्यक्रममा कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान जुम्लामा भर्ना समेत भएको हुँदा निजको बागमती प्रदेश स्थानीय सेवाको गठन तथा सञ्चालन ऐन, २०७९ को दफा ५९ को उपदफा १ र ४ बमोजिम शैक्षिक कार्यक्रममा अध्ययन गर्नको लागि मनोनयन गरी मिति २०८२/०२/०१ देखि २०८४/०१/३१ सम्म २ (दुई) वर्षको अध्ययन बिदा स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. ३३

यस नगरपालिका अन्तर्गत वडा नं. ८ स्थित श्री भिमढुंगा माध्यमिक विद्यालयको बस सञ्चालनको लागि प्रति महिना १०० लिटर इन्धन उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ३४

नागार्जुन नगरपालिका क्षेत्रभित्र सुरक्षा र सुशासनका विविध क्षेत्रहरू (शान्ति सुरक्षा कायम, अपराध नियन्त्रण, दुर्घटना न्यूनिकरण, फोहरमैला व्यवस्थापन, फुटपाथ अतिक्रमण नियन्त्रण, प्रदुषण न्यूनिकरण, सार्वजनिक सम्पत्ति संरक्षण तथा समग्र सुशासनसँग सम्बन्धित विषयहरूलाई प्रभावकारी बनाउनको लागि यस नगरपालिका भित्र सि.सि.टि.भि.क्यामरा जडान, सञ्चालन र मर्मत सम्भारको लागि विगतमा जिल्ला प्रहरी परिसर, काठमाडौंसँग भएको सम्झौता रद्द गरी यस नगरपालिका र महानगरीय प्रहरी कार्यालय, रानीपोखरीसँग सि.सि.टि.भि. जडानको लागि अनुमानित रकम रू. ११ करोड विनियोजन गरी सम्झौता गर्ने निर्णय गरियो ।

# नागार्जुन नगरपालिका नगर कार्यपालिकाको कार्यालय
## नगर कार्यपालिकाको कार्यालय, काठमाडौँ

आ.व. : २०८१/८२ रकमान्तर : कार्यपालिका निर्णय नं ६ कार्यक्रम संशोधन थप

**रकमान्तर**

**घटाउने**

| क्र.सं. | बजेट उपशीर्षक | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | खर्च उपशिर्षक | स्रोत समूह | बजेटको स्रोत/तह | प्राप्तिको श्रोत | भुक्तानी विधि | रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | ८०३३५४०८१०१ | पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | 22315 | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | १५,००,०००.०० | |
| २ | ८०३३५४०८२०२ | नाम्गेल सोसाइटी साँस्कृतिक कार्यक्रम सञ्चालन | 22522 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | ५०,०००.०० | |
| ३ | ८०३३५४०८२०२ | पानी तथा बिजुली वडा नं २ | 22111 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | ७५,०००.०० | |
| ४ | ८०३३५४०८२०२ | QRT टिमको लागि सामान खरिद | 22522 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | २,००,०००.०० | |
| ५ | ८०३३५४०८२०२ | धुप बनाउने कार्यक्रम | 22522 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | १,००,०००.०० | |
| ६ | ८०३३५४०८२०२ | संचार महसुल वडा न २ | 22112 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | ७५,०००.०० | |
| ७ | ८०३३५४०८२०२ | ओम शान्ति भवन सामान खरिद | 22522 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | २,००,०००.०० | |
| ८ | ८०३३५४०८२०२ | तिनघरे खानेपानी ट्याङ्की निर्माण | 31156 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | ४,००,०००.०० | |
| ९ | ८०३३५४०८२०४ | गोपी पौडेलको घर देखि दुर्योधन शाहिको घर सम्म बाटो निर्माण | 31151 | प्रदेश सरकार | बागमती प्रदेश | समानिकरण अनुदान | नगद अनुदान | १,५०,०००.०० | |
| १० | ८०३३५४०८२०६ | ज्योति प्रा.वि.नजिकै लप्सीको बोट बाट राजेश खनालको घर जाने बाटो स्तरोन्नति | 31151 | प्रदेश सरकार | बागमती प्रदेश | समानिकरण अनुदान | नगद अनुदान | ३,००,०००.०० | |
| ११ | ८०३३५४०८२०६ | रामकोट राजुको पसलबाट भित्रि बाटो ढलान | 31151 | प्रदेश सरकार | बागमती प्रदेश | समानिकरण अनुदान | नगद अनुदान | ४,००,०००.०० | |
| १२ | ८०३३५४०८२०६ | डाँडागाउँ महिला समुह सीपमूलक तालिम | 22522 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | १,००,०००.०० | |
| १३ | ८०३३५४०८२१० | रिठे पधेरा मर्मत तथा स्तरोन्नती | 31159 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | २,००,०००.०० | |
| १४ | ८०३३५४०८२१० | घ्याम्पे टालका भैरव मन्दिर | 31159 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | २,००,०००.०० | |
| १५ | ८०३३५४०८२१० | साविक वडा नं ५ को भैरव मन्दिर मर्मत तथा स्तरोन्नती तथा संचालन खर्च | 31159 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | १,००,०००.०० | |
| १६ | ८०३३५४०८१२० | Nagarjun/NCB/W/47/2080-81 Ward No.6 ko Bhivinna Sadak Staronnati | 31151 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | ४८,००,०००.०० | |

नागार्जुन नगरपालिका नगर कार्यपालिकाको कार्यालय
नगर कार्यपालिकाको कार्यालय, काठमाडौँ

## रकमान्तर

आ.व. : २०८१/८२ रकमान्तर : कार्यपालिका निर्णय नं ६ कार्यक्रम संशोधन थप

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १७ | ८०३३५४०८१२० | Nagarjun/NCB/W/42/2080-81 Ganeshman Park Nirman Ward No 6 | 31159 | राजस्व बाडफाड | राजस्व बाँडफाँड - प्रदेश सरकार | राजस्व बाँडफाँड | नगद | ४८,००,०००.०० | |
| १८ | ८०३३५४०८१२१ | Nagarjun/NCB/W/52/2079-80 Tinghare Bandevi Mandir | 31159 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | ५०,०००.०० | |
| १९ | ८०३३५४०८१०५ | मोहनदास श्रेष्ठको घर माथिको बाटो ब्लक राख्ने | 31151 | राजस्व बाडफाड | राजस्व बाँडफाँड - संघीय सरकार | राजस्व बाँडफाँड | नगद | ३,००,०००.०० | |
| २० | ८०३३५४०८१०५ | ग्रिन फिल्ड बंगलामुखी सडक स्तरउन्नती | 31151 | राजस्व बाडफाड | राजस्व बाँडफाँड - प्रदेश सरकार | राजस्व बाँडफाँड | नगद | २५,००,०००.०० | |
| २१ | ८०३३५४०८१०५ | दुर्गा थेवेको घरनिर बाटो | 31151 | राजस्व बाडफाड | राजस्व बाँडफाँड - संघीय सरकार | राजस्व बाँडफाँड | नगद | ३,००,०००.०० | |
| २२ | ८०३३५४०८१०५ | खौपाटोल सडक स्तरउन्नती | 31151 | राजस्व बाडफाड | राजस्व बाँडफाँड - प्रदेश सरकार | राजस्व बाँडफाँड | नगद | २५,००,०००.०० | |
| २३ | ८०३३५४०८१०५ | तिनघरे बाटो मर्मत | 31151 | राजस्व बाडफाड | राजस्व बाँडफाँड - प्रदेश सरकार | राजस्व बाँडफाँड | नगद | १,००,०००.०० | |
| २४ | ८०३३५४०८१०५ | तिनघरे बाटो ब्लक ओछ्याउने | 31151 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | १,००,०००.०० | |
| २५ | ८०३३५४०८१०५ | गणेशटोल बाटो ढलान | 31151 | राजस्व बाडफाड | राजस्व बाँडफाँड - संघीय सरकार | राजस्व बाँडफाँड | नगद | ४,००,०००.०० | |
| २६ | ८०३३५४०८१०५ | सन्केदाई घर अगाडिको बाटो ब्लक राख्ने | 31151 | राजस्व बाडफाड | राजस्व बाँडफाँड - संघीय सरकार | राजस्व बाँडफाँड | नगद | १,००,०००.०० | |
| २७ | ८०३३५४०८१०५ | गणेश टोल भित्री सडक स्तरोन्नती | 31151 | राजस्व बाडफाड | राजस्व बाँडफाँड - प्रदेश सरकार | राजस्व बाँडफाँड | नगद | २०,००,०००.०० | |
| २८ | ८०३३५४०८१०५ | पवित्र बस्ती खानेपानी ओभर हेड खानेपानी ट्याङ्की निर्माण | 31156 | राजस्व बाडफाड | राजस्व बाँडफाँड - प्रदेश सरकार | राजस्व बाँडफाँड | नगद | ४०,००,०००.०० | |
| २९ | ८०३३५४०८१०५ | ना.न.पा. ७ र ९ मा सिमाना घर पिपल बोट देखि मनमति जाने खुट्किला बाटो मर्मत सुधार | 31159 | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | ५,००,०००.०० | |
| ३० | ८०३३५४०८१०५ | मगरटोल बाटो ईन्टरब्लक | 31151 | राजस्व बाडफाड | राजस्व बाँडफाँड - संघीय सरकार | राजस्व बाँडफाँड | नगद | १,५०,०००.०० | |
| ३१ | ८०३३५४०८१०५ | तिनघरे ढुङ्गेधारा निर्माण | 31159 | राजस्व बाडफाड | राजस्व बाँडफाँड - प्रदेश सरकार | राजस्व बाँडफाँड | नगद | १०,००,०००.०० | |
| ३२ | ८०३३५४०८१०५ | शेरे खोल्सी कोरिडोर सडक स्तरोन्नती वडा नं. १० | 31151 | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | ४०,००,०००.०० | |
| ३३ | ८०३३५४०८१०५ | रेड चिल्ली तिनघरे सडक स्तरोन्नती | 31151 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | ५,००,०००.०० | |

नागार्जुन नगरपालिका नगर कार्यपालिकाको कार्यालय
नगर कार्यपालिकाको कार्यालय, काठमाडौँ

आ.व. : २०८१/८२ रकमान्तर : कार्यपालिका निर्णय नं ६ कार्यक्रम संशोधन थप

**रकमान्तर**

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ३४ | ८०३३५४०८१०५ | देउलाको घर जाने सडक स्तरउन्नती वडा नं. ९ | 31151 | राजस्व बाडफाड | राजस्व बाँडफाँड - संघीय सरकार | राजस्व बाँडफाँड | नगद | ७,५०,०००.०० | |
| ३५ | ८०३३५४०८१०५ | नागार्जुन न.पा. १० तारकेश्वर खानेपानी (बोरिङ्ग फिल्टर प्लान्ट पाईप खरिद वाटर पम्प खरिद तथा मर्मत सम्भार) | 31159 | राजस्व बाडफाड | राजस्व बाँडफाँड - प्रदेश सरकार | राजस्व बाँडफाँड | नगद | ५०,००,०००.०० | |
| ३६ | ८०३३५४०८१०५ | कृष्ण ठकुरीको घर जाने सडक ढल निर्माण वडा नं. ९ | 31151 | राजस्व बाडफाड | राजस्व बाँडफाँड - प्रदेश सरकार | राजस्व बाँडफाँड | नगद | ७,५०,०००.०० | |
| ३७ | ८०३३५४०८१०५ | हिरा गौचनको घर देखि शान्ति चोक सम्म ढलान | 31151 | राजस्व बाडफाड | राजस्व बाँडफाँड - प्रदेश सरकार | राजस्व बाँडफाँड | नगद | ८,५०,०००.०० | |
| ३८ | ८०३३५४०८१०५ | गुमोच देखि चार दोबाटो मुल सडक ड्रेन मर्मत सम्भार | 31159 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | ५,००,०००.०० | |
| ३९ | ८०३३५४०८१०५ | लसुनपुरे भित्री सडक स्तरोन्नती | 31151 | राजस्व बाडफाड | राजस्व बाँडफाँड - संघीय सरकार | राजस्व बाँडफाँड | नगद | ५०,००,०००.०० | |
| ४० | ८०३३५४०८१०५ | वडा नं. ९ सामुदायिक भवन मर्मत तथा सार्वजनिक जग्गा संरक्षण | 31113 | राजस्व बाडफाड | राजस्व बाँडफाँड - प्रदेश सरकार | राजस्व बाँडफाँड | नगद | १५,००,०००.०० | |
| ४१ | ८०३३५४०८१०५ | मिलन टोल सडक स्तरोन्नती | 31151 | राजस्व बाडफाड | राजस्व बाँडफाँड - संघीय सरकार | राजस्व बाँडफाँड | नगद | २५,००,०००.०० | |
| ४२ | ८०३३५४०८१०५ | बिग्रहर्तेश्वोर महादेव मन्दिर वडा नं ५ | 31159 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | ५,००,०००.०० | |
| ४३ | ८०३३५४०८१०५ | वडा नं. ७ स्यूचाटार वि.पि.वन वाटिका स्तरोन्नती | 31159 | राजस्व बाडफाड | राजस्व बाँडफाँड - प्रदेश सरकार | राजस्व बाँडफाँड | नगद | ५०,००,०००.०० | |
| ४४ | ८०३३५४०८१०५ | विश्वनाथ मन्दिर बगैंचा स्तरोन्नती | 31159 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | ५,००,०००.०० | |
| ४५ | ८०३३५४०८१०५ | तिनघरे पन्तटोल क्रियापुत्री भवन निर्माण | 31112 | राजस्व बाडफाड | राजस्व बाँडफाँड - प्रदेश सरकार | राजस्व बाँडफाँड | नगद | ५०,००,०००.०० | |
| ४६ | ८०३३५४०८१०५ | वडा नं. १० तार्केश्वर कवर्ड हल निर्माण सम्मान | 31159 | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | ५०,००,०००.०० | |
| ४७ | ८०३३५४०८१०५ | राईचोक देखि ट्रान्समिटर चोक सम्म सडक ढलान | 31151 | राजस्व बाडफाड | राजस्व बाँडफाँड - प्रदेश सरकार | राजस्व बाँडफाँड | नगद | ५०,०००.०० | |
| ४८ | ८०३३५४०८१०५ | राईचोक देखि ट्रान्समिटर चोक सम्म सडक ढलान | 31151 | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | ८,००,०००.०० | |
| ४९ | ८०३३५४०८१०५ | देवनगर प्रतिक्षालय निर्माण | 31159 | राजस्व बाडफाड | राजस्व बाँडफाँड - प्रदेश सरकार | राजस्व बाँडफाँड | नगद | २०,००,०००.०० | |
| ५० | ८०३३५४०८१०५ | जनजागरण मार्ग स्तरोन्नती वडा नं २ | 31151 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | १०,००,०००.०० | |
| | | | | | | | | ६,८८,५०,०००.०० | |

नागार्जुनं नगरपालिका नगर कार्यपालिकाको कार्यालय
नगर कार्यपालिकाको कार्यालय, काठमाडौँ

**रकमान्तर**

आ.व. : २०८१/८२ रकमान्तर : कार्यपालिका निर्णय नं ६ कार्यक्रम संशोधन थप

**बढाउने**

| क्र.सं. | बजेट उपशीर्षक | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | खर्च उपशिर्षक | स्रोत समूह | बजेटको स्रोत/तह | प्राप्तिको श्रोत | भुक्तानी विधि | रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | ८०३३५४०८१०१ | पानी तथा बिजुली | 22111 | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | १५,००,०००.०० | |
| २ | ८०३३५४०८२०२ | वडा कार्यालय सामान खरिद | 22522 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | १,५०,०००.०० | |
| ३ | ८०३३५४०८२०२ | विश्वनाथ महादेव मन्दिर | 31159 | राजस्व बाडफाड | राजस्व बाँडफाँड - प्रदेश सरकार | राजस्व बाँडफाँड | नगद | ९,००,०००.०० | |
| ४ | ८०३३५४०८२०२ | निकुञ्ज छेउ पर्खाल निर्माण | 31159 | राजस्व बाडफाड | राजस्व बाँडफाँड - संघीय सरकार | राजस्व बाँडफाँड | नगद | ३,५०,०००.०० | |
| ५ | ८०३३५४०८२०२ | निकुञ्ज छेउ पर्खाल निर्माण | 31159 | राजस्व बाडफाड | राजस्व बाँडफाँड - प्रदेश सरकार | राजस्व बाँडफाँड | नगद | ८३,५०,०००.०० | |
| ६ | ८०३३५४०८२०२ | तिनधारा खानेपानी सामाग्रि खरिद | 31159 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | ५,००,०००.०० | |
| ७ | ८०३३५४०८२०२ | सडक मर्मत वडा नं २ | 31151 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | ५,००,०००.०० | |
| ८ | ८०३३५४०८२०२ | तिनधारा भजन टहरा | 31159 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | १,००,०००.०० | |
| ९ | ८०३३५४०८२०२ | तिनधारा भजन टहरा | 31159 | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | ८,००,०००.०० | |
| १० | ८०३३५४०८२०२ | नसिढोका खानेपानी नजिक गेट निर्माण | 31159 | राजस्व बाडफाड | राजस्व बाँडफाँड - प्रदेश सरकार | राजस्व बाँडफाँड | नगद | १०,००,०००.०० | |
| ११ | ८०३३५४०८२०२ | महिला स्वास्थ्य स्वयंम सेविका तथा स्वास्थ्यकर्मी र जनप्रतिनिधी अवलोकन भ्रमण कार्यक्रम | 22221 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | ५,५०,०००.०० | |
| १२ | ८०३३५४०८२०२ | राईचोक बाटो स्तरोन्नती | 31151 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | ४,००,०००.०० | |
| १३ | ८०३३५४०८२०२ | राईचोक बाटो स्तरोन्नती | 31151 | राजस्व बाडफाड | राजस्व बाँडफाँड - प्रदेश सरकार | राजस्व बाँडफाँड | नगद | २,५०,०००.०० | |
| १४ | ८०३३५४०८२०२ | राईचोक बाटो स्तरोन्नती | 31151 | प्रदेश सरकार | बागमती प्रदेश | समानिकरण अनुदान | नगद अनुदान | १,५०,०००.०० | |
| १५ | ८०३३५४०८२०२ | लामा सामुदायिक भवन | 31112 | राजस्व बाडफाड | राजस्व बाँडफाँड - प्रदेश सरकार | राजस्व बाँडफाँड | नगद | ३०,००,०००.०० | |

# नागार्जुन नगरपालिका नगर कार्यपालिकाको कार्यालय
## नगर कार्यपालिकाको कार्यालय, काठमाडौँ

**रकमान्तर**

आ.व. : २०८१/८२ रकमान्तर : कार्यपालिका निर्णय नं ६ कार्यक्रम संशोधन थप

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १६ | ८०३३५४०८२०२ | देवनगर ढल | 31159 | राजस्व बाडफाड | राजस्व बाँडफाँड - प्रदेश सरकार | राजस्व बाँडफाँड | नगद | ४०,००,०००.०० | |
| १७ | ८०३३५४०८२०४ | शरणपुर भित्री सडक मर्मत वडा नं. ४ | 31151 | राजस्व बाडफाड | राजस्व बाँडफाँड - संघीय सरकार | राजस्व बाँडफाँड | नगद | ४९,००,०००.०० | |
| १८ | ८०३३५४०८२०४ | रानीपाटी भित्री सडक स्तरोन्नती वडा नं. ४ | 31151 | राजस्व बाडफाड | राजस्व बाँडफाँड - संघीय सरकार | राजस्व बाँडफाँड | नगद | ७,००,०००.०० | |
| १९ | ८०३३५४०८२०४ | कुमारी मन्दिर भित्री सडक मर्मत वडा नं. ४ | 31151 | राजस्व बाडफाड | राजस्व बाँडफाँड - संघीय सरकार | राजस्व बाँडफाँड | नगद | २५,००,०००.०० | |
| २० | ८०३३५४०८२०४ | कुमारी मन्दिर भित्री सडक मर्मत वडा नं. ४ | 31151 | राजस्व बाडफाड | राजस्व बाँडफाँड - प्रदेश सरकार | राजस्व बाँडफाँड | नगद | २५,००,०००.०० | |
| २१ | ८०३३५४०८२०५ | ज्ञानु राजा कुँवरको घर निर सडक स्तरोन्नती | 31151 | राजस्व बाडफाड | राजस्व बाँडफाँड - संघीय सरकार | राजस्व बाँडफाँड | नगद | ३,००,०००.०० | |
| २२ | ८०३३५४०८२०५ | शरणपुर मृगेन्द्र मेहरको घर निर बाटो स्तरोन्नती | 31151 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | ५,००,०००.०० | |
| २३ | ८०३३५४०८२०६ | मूल धारो जाने सडक स्तरोन्नती | 31151 | प्रदेश सरकार | बागमती प्रदेश | समानिकरण अनुदान | नगद अनुदान | ३,००,०००.०० | |
| २४ | ८०३३५४०८२०६ | कोटश्यभैरव मन्दिर संरक्षण तथा व्यवस्थापन | 31159 | प्रदेश सरकार | बागमती प्रदेश | समानिकरण अनुदान | नगद अनुदान | १,००,०००.०० | |
| २५ | ८०३३५४०८२०६ | खनाल गाउँ सिढि निर्माण | 31159 | प्रदेश सरकार | बागमती प्रदेश | समानिकरण अनुदान | नगद अनुदान | ३,००,०००.०० | |
| २६ | ८०३३५४०८२०६ | डम्फु तथा टुङ्ना बाजा डाँडागाउँ | 22522 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | १,००,०००.०० | |
| २७ | ८०३३५४०८२०७ | वडा नं. ७ स्थित रत्नराज्य मसिने फाँटमा सडक स्तरोन्नती | 31151 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | ५,००,०००.०० | |
| २८ | ८०३३५४०८२०७ | साविक स्यूचाटार गा.वि.स.वडा नं. ७ पहिरो नियन्त्रण | 31159 | राजस्व बाडफाड | राजस्व बाँडफाँड - प्रदेश सरकार | राजस्व बाँडफाँड | नगद | ५०,००,०००.०० | |
| २९ | ८०३३५४०८२०९ | सालिक चोकबाट कभर्डहल जाने सडक स्तरोन्नती | 31151 | राजस्व बाडफाड | राजस्व बाँडफाँड - प्रदेश सरकार | राजस्व बाँडफाँड | नगद | २२,५०,०००.०० | |
| ३० | ८०३३५४०८२०९ | सालिक चोकबाट कभर्डहल जाने सडक स्तरोन्नती | 31151 | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | ५,००,०००.०० | |
| ३१ | ८०३३५४०८२०९ | सालिक चोकबाट कभर्डहल जाने सडक स्तरोन्नती | 31151 | राजस्व बाडफाड | राजस्व बाँडफाँड - संघीय सरकार | राजस्व बाँडफाँड | नगद | ७,५०,०००.०० | |
| ३२ | ८०३३५४०८२१० | पाईप विस्तार र पानी ट्यांकी निर्माण | 31159 | राजस्व बाडफाड | राजस्व बाँडफाँड - प्रदेश सरकार | राजस्व बाँडफाँड | नगद | ५०,००,०००.०० | |

नागार्जुन नगरपालिका नगर कार्यपालिकाको कार्यालय
नगर कार्यपालिकाको कार्यालय, काठमाडौँ

## रकमान्तर

आ.व. : २०८१/८२ रकमान्तर : कार्यपालिका निर्णय नं ६ कार्यक्रम संशोधन थप

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ३३ | ८०३३५४०८२१० | वडा नं. १० को विभिन्न भित्री बाटो स्तरोन्नती | 31151 | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | १०,००,०००.०० | |
| ३४ | ८०३३५४०८२१० | भैरवनाथ मन्दिर मर्मत सम्भार र रिठे पँधेरा मर्मत तथा स्तरोन्नती वडा नं. १० | 31159 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | ५,००,०००.०० | |
| ३५ | ८०३३५४०८२१० | शिवडोल गेट निर्माण, वडा नं. १० | 31159 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | ५०,०००.०० | |
| ३६ | ८०३३५४०८१२० | Nagarjun/NCB/W/47/2080-81 Ward No.6 ko Bhivinna Sadak Staronnati | 31151 | राजस्व बाडफाड | राजस्व बाँडफाँड - प्रदेश सरकार | राजस्व बाँडफाँड | नगद | ४८,००,०००.०० | |
| ३७ | ८०३३५४०८१२० | Nagarjun/NCB/W/42/2080-81 Ganeshman Park Nirman Ward No 6 | 31159 | अन्तरिक श्रोत | आन्तरिक श्रोंत | आन्तरिक श्रोत | नगद | ४८,००,०००.०० | |
| ३८ | ८०३३५४०८१०५ | वडा नं २ गेट निर्माण | 31159 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | १०,००,०००.०० | |
| | | | | | | | | ६,८८,५०,०००.०० | |
| | | | | | | | | | अक्षरेपी : रुपैयाँ छ करोड अठासी लाख पचास हजार मात्र। |